# तिलोत्तमा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

मणिग्राम, रुपन्देही, ५ नं प्रदेश, नेपाल

**कार्यपालिका वैठक संख्या २१/०७६/०७७ (८६) मितिः २०७७।०२।०३ गते ।**

**प्रस्तावहरु :**

१. कोरोना भाइरस नियन्त्रण तथा व्यवस्थापन कार्यको समिक्षा सम्बन्धमा ।

२. स्थानीय तह स्तरीय सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समिति गठन सम्बन्धमा ।

३. **"तिलोत्तमा नगरपालिकाको बाँझो जग्गा उपयोग सम्बन्धी कार्यविधि, २०७७"** सम्बन्धमा ।

४. आइसोलेशन सेन्टर व्यवस्थापन समिति गठन सम्बन्धमा ।

५. नगरपालिकास्तरीय संरक्षण विषयगत क्षेत्र समन्वय समिति गठन सम्बन्धमा ।

६. खरको छानो विस्थापित योजनाको लाभग्राही छनोट सम्बन्धमा ।

७. विविध ।

क) योजना सम्बन्धमा (वडा नं.-६ र ७) ।

### निर्णयहरु :

**निर्णय नं. - १**

- कोरोना भाइरसको रोकथाम, नियन्त्रण तथा जोखिम व्यवस्थापनका सिलसिलामा वडास्तरीय क्वारेन्टाइन स्थापना, सिमा नाकाहरुको सिलबन्दीको कार्यान्वयन आदि सम्बन्धमा हालसम्म सम्पादन गरिएका कार्यहरुको समीक्षा एवं जानकारी आदान प्रदान गरियो ।

**निर्णय नं.-२**

- सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीको समयमा आवश्यक पर्ने महिनावारी व्यवस्थापन सामग्री उपलब्ध गराउन नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७६/०८/३० गतेको निर्णयानुसार स्वीकृत सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि, २०७६ परिच्छेद ५ को नियम १४ बमोजिम देहायका सदस्यहरु रहेको नगरपालिका स्तरीय सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

माधव प्रसाद ...
प्रमुख प्रशासकीय ...

वासुदेव घिमिरे
प्रमुख

| | |
|---|---|
| संयोजक | नगर उप-प्रमुख श्री जगेश्वर देवी चौधरी |
| सदस्य | कार्यपालिकाका महिला सदस्यहरु मध्येबाट श्री गायत्री पाण्डे |
| सदस्य | प्रतिनिधि जनभावना मा.वि., श्री गिता पौडेल |
| सदस्य | प्रतिनिधि सेमरा मा.वि., श्री कल्पना सुवेदी |
| सदस्य | प्रतिनिधि स्वास्थ्य शाखा, श्री इश्वरी पौडेल |
| सदस्य | प्रतिनिधि महिला तथा बालबालिका शाखा, श्री संझना भण्डारी |
| सदस्य सचिव | शिक्षा युवा तथा खेलकुद शाखा, श्री शारदा भट्टराई |

निर्णय नं.-३

- **"तिलोत्तमा नगरपालिकाको बाँझो जग्गा उपयोग सम्बन्धी कार्यविधि, २०७७"** माथि दफावार छलफल गरी सामान्य परिमार्जन सहित स्वीकृत गरियो ।

निर्णय नं.-४

- सम्भावित कोरोना जोखिमको रोकथामका लागि तिलोत्तमा-२, मा नवस्थापित कोरोना आइसोलेसन सेन्टर (शंकरनगर स्वास्थ्य चौकी) को व्यवस्थापन एवं संचालनका लागि सहजिकरण गर्न देहायका सदस्यहरु रहेको व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| संयोजक | वडाध्यक्ष, वडा नं.-२, श्री दधिराम गौतम |
| सदस्य | कार्यपालिका सदस्य, श्री तामानाथ पाण्डे |
| सदस्य | कार्यपालिका सदस्य, श्री लक्ष्मण नेपाली |
| सदस्य | कार्यपालिका सदस्य, श्री गिता कुमारी सापकोटा |
| सदस्य | आइसोलेसन सेन्टर, डा. संजोग पाठक, |
| सदस्य | नगर स्वास्थ्य शाखा प्रमुख, श्री मोती प्रसाद पौडेल |
| सदस्य | स्वास्थ्य शाखा, श्री रामेश्वर ढकाल |
| सदस्य सचिव | शंकरनगर स्वास्थ्य चौकी ईन्चार्ज, श्री केशव भट्टराई |

निर्णय नं.-५

- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ४४७, मिति २०७७/०१/०७ गतेको पत्रानुसार कोरोना माहामारीको जोखिममा पर्न सक्ने महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा अल्पसंख्यकको आवश्यकतालाई उचित सम्बोधन गर्न "स्थानीयस्तरमा संरक्षण विषयगत समिति गठन" गरी सोको विवरण सहितको जानकारी सामाजिक विकास

माधव प्रसाद ...
नगर प्रमुख

वासुदेव घिमिरे
नगर प्रमुख

मन्त्रालय, प्रदेश नं. ५ बाट माग भई आएकोमा देहायका सदस्यहरु रहेको समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| संयोजक | नगर उप-प्रमुख, श्री जगेश्वर देवी ढकाल |
| सदस्य | प्रमुख प्रशासकीय अधिकृत, श्री माधव प्रसाद शर्मा |
| सदस्य | शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख, श्री गंगाराम आचार्य |
| सदस्य | स्वास्थ्य शाखा प्रमुख, श्री मोति प्रसाद पौडेल |
| सदस्य | विपद् व्यवस्थापन शाखा प्रमुख, श्री गिरीराज डुम्रे |
| सदस्य | स्थानीय प्रहरी प्रमुख, इलाका प्रहरी कार्यालय, मंगलापुर, श्री लक्ष्मण थापा |
| सदस्य | बालकल्याण अधिकारी, श्री सावित्रा भण्डारी |
| सदस्य | संरक्षणको क्षेत्रमा कार्यरत संघ संस्था प्रतिनिधि, श्री मिनाक्षी न्यौपाने |
| सदस्य | नेपाल रेडक्रस सोसाइटी प्रतिनिधि, श्री टेक बहादुर थापा |
| सदस्य सचिव | महिला तथा बालबालिका शाखा प्रमुख, श्री संझना भण्डारी |

**निर्णय नं.-६**

- चालू आ.व.को नगरस्तर योजना अन्तर्गत संकेत नं. ३०३० (१७) शीर्षक सिमान्तकृत बस्तीमा खरको छानो प्रतिस्थापन कार्यक्रममा रु.३० लाख विनियोजित भएकोमा वडाबाट सिफारिस भई आएका नगरपालिका क्षेत्रभित्र रहेका खरको छानोयुक्त घरहरुको संख्या, आकार, परिवार संख्या र जस्तापाताका लागि प्राविधिकबाट पेश हुने लागत अनुमानका आधारमा उपलब्ध स्रोतबाट गठित समितिले स्थलगत निरीक्षण गरी सिफारिस गरेका अति विपन्न घर धनीलाई प्राथमिकताका आधारमा जस्तापाता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.-७ (क)**

- आर्थिक वर्ष २०७६/०७७ नगरस्तरीय योजना ४०५०(१) तिनाउ नदी नियन्त्रण शीर्षकमा विनियोजित बजेटबाट उक्त नदीमा तटबन्धनका लागि वडा नं.-६ को पत्रबाट उपभोक्ता समितिसँग संझौता गरी सो कार्य गर्न अनुरोध भई आएकोले माग बमोजिम गर्न कार्यदेश दिने र वडा नं.-७ को विषद् व्यवस्थापन शीर्षकमा विनियोजित रु.२ लाखबाट वडा समितिको निर्णयअनुसार छत्तिस कुलो योजनाको पाँच कुला भन्दा तल्लो भागको कुलो सफाई कार्यक्रममा रु.१ लाख र सचेतना नारी केन्द्र वर्गदवाको अधुरो पर्खाल पूरा गर्ने कार्यको लागि रु.१ लाख खर्च गर्ने निर्णय गरियो ।

माधव प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख